# हरिहरपुरगढी गाउँपालिका ज्येष्ठ नागरिक औषधी उपचार खर्च  कार्यविधि, २०७८

हरिहरपुरगढी गाउँपालिका
फाल्गुण ,२०७८

# हरिहरपुरगढी गाउँपालिका ज्येष्ठ नागरिक औषधी उपचार खर्च  कार्यविधि, २०७८

<u>प्रस्तावना :</u>

हरिहरपुरगढी गाउँपालिकाभित्र बसोबास गरेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्यता पुगेका ज्येष्ठ नागरिकलाई औषधी उपचार कार्यमा गाउँपालिकाले सहयोग गर्नु पर्ने अवस्थालई  मध्यनजर राख्दै सहयोग वापत औषधी उपचार खर्च प्रदन गरी जेष्ठ नागरिकको सम्मान गर्ने कार्यमा आबश्यक व्यवस्था गर्न वान्छनीय भएकोले  प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हरिहरपुरगढी गाउँकार्यपालिकाले हरिहरपुरगढी गाउँपालिका ज्येष्ठ नागरिक औषधी उपचार खर्च  कार्यविधि, २०७८ स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम हरिहरपुरगढी गाउँपालिका ज्येष्ठ नागरिक औषधी उपचार खर्च  कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क)"संबिधान"** भन्नाले नेपालको संबिधान लाई सम्झनु पर्दछ ।

**(ख) "ऐन"** भन्नाले  हरिहरपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन २०७५ सम्झनु पर्दछ

**(ग) कार्यविधि"** भन्नाले हरिहरपुरगढी गाउँपालिका ज्येष्ठ नागरिक औषधी उपचार खर्च कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ ।

**(घ)"गाउँपालिका"** भन्नाले हरिहरपुरगढी गाउँपालिका सम्झनुपर्दछ ।

**(ङ) "अध्यक्ष"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

**(च) "उपाध्यक्ष"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

**(छ) 'प्रमुख प्रशासकीय  अधिकृत'** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**(ज) "वडा"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको वडालाई सम्झनुपर्दछ ।

**(झ) "वडा अध्यक्ष"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको वडाअध्यक्षलाई सम्झनुपर्दछ ।

**(ञ) "सभा"** भन्नाले हरिहरपुरगढी गाँउपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

**(ट) "कार्यपालिका"** भन्नाले हरिहरपुरगढी गाउँकार्यपालिका सम्झनुपर्दछ ।

**(ठ) "वडा कार्यालय"** भन्नाले हरिहरपुरगढी गाउँपालिकाको सबै वडालाई जानउछ ।

(ड) **"जेष्ठ नागरिक" भन्ना**ले ७० बर्ष उमेर पुगेका भत्ता प्राप्त गरिरहेका  जेष्ठ नागरिक सम्झनु पर्दछ ।

(ढ) **"सामाजिक सुरक्षा भत्ता" भन्ना**ले नेपाल सरकारबाट प्रदान सामाजिक सुरक्षा भत्ता सम्झनु पर्दछ ।

(ण) **"औषधी उपचार खर्च  "** भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने  नगद सहयोग लाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## खर्च प्रदान गर्ने मापदण्ड

३. **मापदण्ड :** हरिहरपुरगढी गाउँपालिकाले ज्येष्ठ नागरिकलाई औषधी उपचार खर्च प्रदान गर्ने मापदण्ड देहाय बमोजिम रहनेछ :

(क) हरिहरपुरगढी  गाउँपालिका भित्र बसोबास गरिदै आएको  हुनु पर्नेछ ।

(ख) हरिहरपुरगढी गाउँपालिका भित्र बसोबास गरी ७० बर्ष उमेर पूर भई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरिक हुनुपर्नेछ ।

(ग) सामाजिक सुरक्षा भत्ता प्राप्त भई पन्जिकरण शाखा तथा घटना दर्ता इकाइमा अभिलेख कायम रहेका नागरिकलाई बार्षिक रु.३०००।का दरले नगदमा एक मुष्ठ रुपमा उपलब्ध गराउनेछ ।

## परिच्छेद -३

## खर्च बितरण कार्य समन्वय समिति

४. **समन्वय समिति : (१)** गाउँपालिकाबाट बार्षिक रुपमा प्रदान गर्ने ज्येष्ठ नागरिकलाई औषधी उपचार खर्च  बितरण कार्य व्यवस्थापनका लगि वडा स्तरमा देहाय बमोजिमको वडा स्तरीय समन्वय समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष :- संयोजक

(ख) वडा सदस्य ४ जना :- सदस्य

(ग) वडा अध्यक्षबाट मनोनित एक जना महिला जेष्ठ नागरिक सहित २ जना ज्येष्ठ नागरिक :- सदस्य

## परिच्छेद -४

## औषधी उपचार खर्च बितरण प्रक्रिया

५. **खर्च बितरण प्रक्रिया : (१)** हरिहरपुरगढी गाउँपालिकाले ज्येष्ठ नागरिकलाई औषधी उपचार खर्च प्रदान गर्ने प्रक्रिया देहाय बमोजिम रहनेछ :

(क) दफा ४ को उपदफा (१) बमोजिम गठन भएको वडास्तरीय समन्वय समितिको बैठक बसी कार्यबिधिमा उल्लेखित खर्च रकम वडा कार्यालयले गाउँपालिकामा माग गर्नु पर्नेछ ।

(ख) उपदफा (२) बमोजिम वडा कार्यालयले नागरिकलाई औषधी उपचार खर्च बितरण गर्न रकम माग गर्दा एक मुष्ठ रुपमा लाभग्राहीको विवरण पेश गर्नु पर्नेछ ।खर्च माग गर्दा हरेक बर्ष माघ महिनाको मसान्त भित्र माग गरिसक्नु पर्नेछ ।

(ग) उपदफा (३) बमोजिम विवरण सहित खर्च माग गर्ने सम्बन्धमा गाउँपालिकाले जानकारीको लागि सूचना प्रकाशन गरिनेछ ।

(घ) वडा कार्यालयबाट विवरण सहित खर्च माग नभएमा गाउँकार्यपालिकाको कार्यालयबाट आबश्यक निर्णय गरि पन्जिकरण इकाइबाट विवरण प्राप्त गरि लाभग्राहीलाई कार्यविधिमा उल्लेखित औषधी उपचार खर्च वितरण गर्न बाधा पुग्ने छैन ।

(ङ) हरिहरपुरगढी गाउँपालिकाले प्रत्येक वडा कार्यालयमा सार्बजनिक कार्यक्रमको आयोजना गरी प्रत्यक्ष रुपमा सम्बन्धित ज्येष्ठ नागरिकलाई दफा २(ग) बमोजिमको औषधी उपचार खर्च प्रदान गर्नेछ ।

(च) वडा कार्यालयमा उपस्थित हुन नसक्ने जेष्ठ नागरिकलाई सम्बन्धित जेष्ठ नागरिकको घरमा पुगी औषधी उपचार खर्च प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

(छ) औषधी उपचार खर्च प्रदान गर्दा नगदै उपलब्ध गराइनेछ ।

(ज) ज्येष्ठ नागरिकलाई औषधी उपचार खर्च बितरणका लागि आबश्यक रकम गाउँपालिकाबाट साल बसाली बजेटमा ब्यवस्था गर्न सक्नेछ ।

६. **कार्यविधिको ब्याख्या गर्ने वा बाधा अडकाउ फुकाउने अधिकार** : ज्येष्ठ नागरिक औषधी उपचार खर्च बितरण गर्ने सिलसिलामा कुनै दुबिधा हुन गएमा सो को ब्याख्या वा बाधा अडकाउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

७. **संशोधन वा खारेजी र बचाउ** : हरिहरपुरगढी गाउँकार्यपालिकाले यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्नेछ र यो कार्यविधि प्रचलित नेपाल कानून सँग बाझिन गएमा बाझिएको हदसम्म आमान्य हुनेछ र नेपाल कानूनमा लेखिएका कुराहरु मान्य हुनेछ ।

८. **कार्यविधि बमोजिम हुने** : ज्येष्ठ नागरिक औषधी उपचार खर्च प्रदान गर्ने सम्बन्धी मापदण्ड यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा प्रचलित नेपाल कानूनमा भएको प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

आज्ञाले
नबिन गङतान लामा
प्रमुख प्रशासकीय अधिकृत